**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक
दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ माघ ०१ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 January 15 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १३८

## माघी पर्व वीरगंजलगायत ग्रामीण भेगमा मनाउन शुरू

प्रस, सेढवा, ३० पुस/

थारू संवत् २६४७ तथा आदिवासी थारू समुदायको माघी खिंचडी पर्व विशेषरूपमा मनाउन थालिएको छ ।

थारू संवत् मनाउन वीरगंजलगायत पर्सा जिल्लाका चारवटा क्षेत्रमा धूमधामका साथ तयारी भएको छ । नयाँ वर्षको लागि ग्रामीण भेगका बासिन्दाहरू शनिवार बिहानदेखि घरआँगनको सरसफाइमा जुटेका छन् । घरआँगनलाई गोबरले लिपपोत गर्न गृहिणीहरू व्यस्त छन् । थारू संवत्को साथै माघीको तयारीमा भुजा, चिउरा, रामदाना र तिलको लड्डु बनाउन महिलाहरू व्यस्त छन् । किसानहरूले उत्पादन गरेका चामल, आलु, विभिन्न किसिमका लड्डु तथा नूनलाई माघे सङ्क्रान्तिका दिन बिहानै स्नान गरी स्पर्श गरी पुरोहितलाई दान दिने चलन छ ।

नयाँ वर्ष सुखमय होस् भनी शुभ साइतका लागि थारू समुदायमा यो दिन माछासेवन गर्ने परम्परा छ । यसैको लागि शनिवार नै थारू समुदायले माछा खरीद गरेको छ ।

सङ्घीयतापछि पर्साका विभिन्न स्थानीय तहमा माघी खिंचडी महोत्सव



तस्वीर: प्रतीक

मनाउन थालिएको छ । परम्परागतरूपमा वीरगंजको आदर्शनगर रङ्गशालामा मनाउँदै आएको थारू महोत्सव यस वर्ष पुरानो बसपार्कमा मनाउन थालिएको छ । माघी खिंचडी महोत्सवको अन्तिम तैयारी भइसकेको माघी मूल समारोह समितिका अध्यक्ष रामसुन्दर चौधरीले बताए । ग्रामीण भेगमा चार स्थानमा थारू संवत् २६४७ को अवसरमा माघी महोत्सवको लागि तैयारी भएको छ । जीराभवानी गाउँपालिका–५ सखुवनिया बजारमा माघी खिंचडी विशेष कार्यक्रम मनाउने तैयारी भएको छ । थारू संस्कृति तथा उत्थान मञ्चको आयोजनामा माघी विशेष कार्यक्रम मनाउन सम्पूर्ण तैयारी भइसकेको आयोजक संस्थाका अध्यक्ष शेखर चौधरीले बताए । थारू परम्परागत संस्कृति, भाषा, पहिरन तथा खानाको साथै गीत र नृत्य प्रदर्शन गरिने अध्यक्ष चौधरीले बताए । त्यस्तै, पर्सागढी नगरपालिकाको बडनिहारमा पनि माघी महोत्सवको तैयारी भएको माघी मूल समारोह समितिका सचिव कमल चौधरीले जानकारी गराए ।

यसैगरी, पटेर्वासुगौली गापा–४ सुगौली र सखुवाप्रसौनी गापाको पंचगावाँमासमेत माघी विशेष कार्यक्रमको आयोजना हुनेछ ।

## नौजना महिलासहित ९५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३० पुस/

बारा जिल्लाका दुई स्थानमा शनिवार सम्पन्न रक्तदान कार्यक्रममा नौजना चौधरी, सुमन चौधरी, अभिषेक चौधरी, रामकुँवर चौधरीलगायतले रक्तदान गरेका थिए ।



तस्वीर: प्रतीक

महिलासहित ९५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

थारू कल्याणकारिणी सभा, बाराले कोल्हवी बजारमा माघे सङ्क्रान्ति तथा थारू नयाँ वर्षको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित ३३ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रममा प्रेमकुमारी चौधरी, मालतीदेवी मुखिया, अञ्जिताकुमारी चौधरी, भुवनकुमार चौधरी, प्रशान्त

यसैगरी, कोसेली युथ क्लब जीतपुरसिमरा उपमहानगरपालिका–२ ले सिमरामा आयोजना गरेको रक्तदान कार्यक्रममा पाँचजना महिलासहित ६२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख पाण्डेले बताए ।

कार्यक्रममा सुबोध खनाल, राजमणि बराल, कृष्ण लामा, झनक श्रेष्ठ, कुमार श्रेष्ठ, सुरेश राउत, विष्णु सापकोटा, श्यामबाबू रेग्मी, मनोज अधिकारी लगायतले रक्तदान गरेका थिए ।

## रेडक्रसको साधारणसभामा निश्शुल्क शिविर

दिनेश मिश्र, पोखरिया, ३० पुस/

नेपाल रेडक्रस सोसाइटी, रेशमकोठीले शनिवार २८औं साधारणसभाको अवसरमा निश्शुल्क स्वास्थ्य शिविर आयोजना गरेको थियो ।

नेरेसो, रेशमकोठी शाखाका अध्यक्ष नारायण यादवको अध्यक्षता तथा वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेरेसो मधेस प्रदेशका अध्यक्ष फुलमहम्मद मियाँ, वडाध्यक्ष प्रदीप

(बाँकी अन्तिम पातामा)



## रक्सौलका नवनिर्वाचित सभापति, उपसभापति र पार्षद्हरूको शपथग्रहण

प्रस, रक्सौल, ३० पुस/

सीमावर्ती रक्सौल नगरपरिषद्मा नवनिर्वाचित सभापति, उपसभापति र पार्षद्हरूको शपथग्रहण कार्यक्रम सम्पन्न भएको छ ।

रक्सौल अनुमण्डल कार्यालय परिसरमा शुक्रवार आयोजित कार्यक्रममा नगरपरिषद्को सभापति पदमा निर्वाचित धुरपति देवी, उपसभापति पुष्पा देवीलगायतका पदाधिकारीहरूलाई जिल्ला समाहर्ता पवनकुमार सिन्हाले शपथग्रहण गराएका थिए ।

कार्यक्रममा एसडिएम आरती, नगरकार्यपालक पदाधिकारी मनीष कुमार, अवर निबन्धन पदाधिकारी सन्तोष कुमार, बिडिओ सन्दीप सौरभ, सिओ विजय कुमारलगायतको सहभागिता थियो ।

नवनिर्वाचित वडा पार्षद् सुगन्ती देवी, पन्ना देवी, रञ्जीत श्रीवास्तव, मो अब्बास, रवि गुप्ता, कुन्दन सिंह, घनश्याम प्रसाद, जीतेन्द्र दत्ता, ओमकुमार कुमार, रम्भा देवी, अन्तिमा देवी, सुगन्धी देवी, सोनुकमार गुप्ता, रविता देवी,


तस्वीर: प्रतीक

साह, वीरेन्द्र प्रसाद, आशा देवी, कान्ति देवी, शायरा खातुन, नीलाक्षी श्रीवास्तव, अनुरागिनी देवी, आशा देवी, दीपक सीमा गुप्ता, मुकेश कुमार र डिम्पल चौरसियालाई कार्यक्रममा शपथग्रहण गराइएको थियो ।

## गरीब, जेहेनदारलाई कम्बल र सिरक वितरण

प्रस, वीरगंज, ३० पुस/

सामुदाय–प्रहरी साझेदारी कार्यक्रम


तस्वीर: प्रतीक

अन्तर्गत सामुदायिक सेवा केन्द्रको आयोजनामा वीरगंज महानगर–१ र २ मा कम्बल वितरण गरिएको छ ।

सामुदायिक सेवा केन्द्र छपकैया–२ का अध्यक्ष ग्यासुद्दीन ठकुराईको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमले कम्बल वितरण गरेका थिए ।

कार्यक्रममा वडाध्यक्ष मनोज कुर्मी, प्रहरी सहायक उपरीक्षक निर्मल बुढाथोकी, प्रहरी निरीक्षक विशाल मल्ललगायतको सहभागिता थियो ।

यसैगरी, न्यू युथ क्लब अफ नगवाले कम्बल वितरण गरेको छ । चीसो बढेसँगै संस्थाले गरीब, वृद्धवृद्धा सयजनालाई कम्बल वितरण गरेको हो ।

क्लबका अध्यक्ष महेश पडितले वीरगंज महानगरपालिका वडा नं १६ घुसुकपुर टोलमा सयजना गरीब, वृद्धलाई कम्बल वितरण गरिएको बताए ।

**प्रस, बिरुवागुठी/**

पर्सागढी नगरपालिका कार्यालय, हरपुर, पर्साले आज सिरक वितरण गरेको छ ।

बढ्दो चीसो तथा शीतलहरबाट राहत पाउन पर्सागढी नगरपालिकाले वडा नं १ देखि ९ का जनप्रतिनिधि तथा वडा सचिवको रोहबरमा प्रत्येक वडामा ९५ वटाको दरमा फाइबरको सिरक पठाएको छ ।

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले नगरमा रहेका गरीब, दलित, विपन्न तथा पिछडिएका वर्गहरू वडामार्फत छुट्याइ एक हजार फाइबरको सिरक वितरणको लागि प्रत्येक वडामा पठाइएको बताए ।

कार्यक्रममा पर्सागढी नगरपालिका कार्यालय स्वास्थ्य शाखाका प्रमुख नारायण पौडेल, जिन्सी शाखा प्रमुख उमेश साहलगायत जनप्रतिनिधि तथा वडाका सचिवहरूको सहभागिता थियो ।


तस्वीर: प्रतीक

## नारायणी वाङ्मय प्रतिष्ठानद्वारा प्रभात काव्ययात्रा

प्रस, वीरगंज, ३० पुस/

नारायणी वाङ्मय प्रतिष्ठानको आयोजनामा शनिवार प्रभात काव्ययात्रा




सम्पन्न भएको छ ।

नारायणी वाङ्मयका अध्यक्ष डा विश्वम्भर शर्माको अध्यक्षता तथा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माको प्रमुख आतिथ्यमा भएको प्रभात काव्ययात्रामा डा विश्वम्भर शर्मा, सचिव महेशचन्द्र गौतम, जयकुमार दनुआर, दिनेशचन्द्र मिश्र, निरञ्जन महतोले कविता वाचन गरेका थिए भने अजमत अलीले भोजपुरी गीत गाएका थिए ।

कार्यक्रममा प्रतिष्ठानकी उपाध्यक्ष कविता खड्का, निरञ्जन साह, गहवामाई मन्दिर समितिका अध्यक्ष दिनाप्रसाद गुप्ता, सचिव रवीन्द्र श्रेष्ठ, गणेश परियार, अनिल कर्णलगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**हे मनुष्य ! तिमी दीन भएर घरघर किन भटकिन्छौ ? तिम्रो पेट त एक पाउ पीठोले पनि भर्छ । भगवान् त त्यस समुद्रलाई पनि भोजन पुऱ्याउँछन्, जसको शरीर चार सय कोस लम्बाइ–चौडाइ छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## मूर्तिपूजा

कुनै पनि आस्तिक भक्तले मूर्तिको पूजा गर्दैन, उसले त मूर्तिमा आफ्नो इष्टदेवको पूजा गर्छ, यसैले जबसम्म आफ्नो भास रहन्छ, तबसम्म आफ्नो इष्टदेवको पूजा गरिरहनुपर्छ ।

जब मनुष्य कुनै पुस्तक वा चिठी पढ्छ, तब कागज वा मसीलाई पढ्दैन तर त्यसमा लेखिएको सङ्केतद्वारा त्यसको अर्थलाई पढ्छ । कागज, मसी र अक्षर त त्यस अर्थलाई बुझ्नको लागि चिह्न मात्र हो । अर्थ त पढ्नेवालाको बुद्धिमा परम्परादेखि विद्यमान छ । त्यसै प्रकार भक्तले मूर्तिलाई सङ्केत बनाएर आफ्नो इष्टको पूजा गर्छ, मूर्तिको पूजा गर्दैन ।

**भगवान्को यो शर्त हो कि मलाई भेटेपछि अन्य कुनै साधकलाई भेट नहोस्, तर यस्तो साधक कुनै बिरलै हुन्छ, जुन हरेक समय एकमात्र उनीसँग भेट्नको लागि इच्छुक र हन्छ, जसको समस्त काम पूरा भइसकेको होस्, जसको मनमा अन्य कुनै प्रकारको संयोगको चाह रहेको हुँदैन ।**

यसै प्रकार गीता आदिमा बुझ्नुपर्छ । पढ्नेवाला त्यस भगवान्को वाणी सम्झिएर पढ्छ र त्यसै भावबाट त्यसको आदर गर्छ ।

तुलसीदासले राम–नाम जप्थे, तब उनको भावमा परमेश्वर र उनको पूर्ण ऐश्वर्य, माधुर्य आदि समस्त गुण नाममा भरिएको थियो, उनी राम र ब्रह्म दुवैभन्दा नामलाई मान्दथे । उनको विषयमा कसैले पनि यो भन्न सक्दैन कि उनी परमेश्वरको स्मरण गर्दैन थिए, शब्द मात्रको जप गर्दथे । यसबाट साधनलाई बुझ्नुपर्छ कि कुनै पनि साधन तल्लो दर्जाको हुँदैन ।

जुन साधकलाई जुन साधन प्रिय लाग्छ, आफ्नो योग्यता अनुसार त्यस साधनलाई उसले सुगमताले गर्न सक्छ, जसमा उसको पूर्ण विश्वास हुन्छ, कुनै प्रकारको सन्देह रहँदैन, त्यस्तै साधन उसको लागि सर्वश्रेष्ठ हुन्छ । कुनै प्रकारको सन्देह नरहनाले साधकको बुद्धि साधनमा लाग्छ। प्रेम भएपछि हृदय द्रवित हुन्छ । विश्वास भएको कारण मनमा कुनै प्रकारको विकल्प उठ्दैछ। त्यसमा मन लाग्दैन। अतः साधनमा कुनै सानो–ठूलो हुँदैन ।

कुनै पनि साधकले यो बुझ्नुपर्छ कि ममा अमुक प्रकारको योग्यता प्राप्त छैन, यसैले मलाई भगवान् भेटिंदैन। यो मान्नु भगवान्को महिमा नबुझेर उसको कृपाको अनादर गर्नु हो, किनभने भगवान् आफ्नो कृपाबाट प्रेरित भए मात्र साधकले पाउँछ। उनको कृपा प्राप्त गर्ने एकमात्र उपाय त्यसबाट पाइने उत्कण्ठा, प्रेमको अतिशय लालसा नै हो । धन, बल, सुन्दरता वा कुनै प्रकारको साधनको बलबाट भगवान् पाइँदैन। साधन उनको वा उनको प्रेमको मूल्य होइन। साधन त आफूले बनाएको दोष मेटाउनको लागि हो, जुन भगवान्द्वारा दिइएको योग्यताको सदुपयोग गर्दा मात्र हुन्छ ।

मनुष्य चाहे जस्तोसुकै दीन–हीन मलीन किन नहोस्, जतिसुकै ठूलो पातकी किन नहोस्, ऊ जस्तोसुकै परिस्थितिमा छ, त्यसैमा यदि विश्वासपूर्वक भगवान्को हुन्छ र उनलाई पाउनको लागि व्याकुल हुन्छ, भगवान्को वियोगमा उसलाई कुनै प्रकारको चैन नपरोस्, तब भगवान् अवश्य भेटिन्छ ।

भगवान् त्यस पतितलाई भेटिन्छ, जो पतित रहन चाहँदैन अर्थात् पुनः पाप गर्न चाहँदैन। यस्तो साधकलाई भगवान्ले परम पवित्र बनाएर अपनाउँछ, तर जसलाई आफ्नो पापको पश्चात्ताप छैन, उसले छोड्न चाहँदैन, उसले भगवान् भेट्दैन। त्यस्तै जसलाई आफ्नो गुणको अभिमान हुन्छ, उसले पनि भेट्दैन । साथै यो कुरा पनि हो कि जबसम्म साधकको मनमा कुनै दोस्रो वस्तुको चाह रहन्छ, तबसम्म भगवान् भेटिंदैन । तर उसको चाहको अनुरूप वस्तु र परिस्थिति, यदि उसको पतन हेतु नहोस्, तब प्रदान गर्छन् ।

भगवान्को यो शर्त हो कि मलाई भेटेपछि अन्य कुनै साधकलाई भेट नहोस्, तर यस्तो साधक कुनै बिरलै हुन्छ, जुन हरेक समय एकमात्र उनीसँग भेट्नको लागि इच्छुक रहन्छ, जसको समस्त काम पूरा भइसकेको होस्, जसको मनमा अन्य कुनै प्रकारको संयोगको चाह रहेको हुँदैन।

## सर्वोत्तम धन

**महर्षि याज्ञवल्क्यको दुईवटा पत्नी थियो । एकजनाको नाम मैत्रेयी र अर्कोको कात्यायनी नाम थियो । जब महर्षि संन्यास ग्रहण गर्न थाले, तब दुवै पत्नीलाई बोलाएर उनले भने, म गएपछि तिमीहरूबीच झगडा नहोस्, यसैले म सम्पत्तिको बाँडफाँड गर्न चाहन्छु ।**

**मैत्रेयीले भनिन्, स्वामिन् ! जुन धनलाई लिएर म अमर हुन सक्दिनँ, त्यसलाई लिएर म के गर्छु ? मलाई अमरत्वको साधन बताउने दया गर्नुस् ।**

**याज्ञवल्क्यले भने, मैत्रेयी ! तिमीले निकै सुन्दर कुरा सोध्यौ । वस्तुतः यस विश्वमा परमधन आत्मा नै हो। त्यसको प्रियताको कारण अन्य धन, जन आदि प्रिय प्रतीत हुन्छ। यसैले यो आत्मा नै सुन्ने, मनन गर्ने र जान्नेयोग्य हुन्छ। यस आत्माभन्दा केही पनि भिन्न छैन । यी देवता, प्राणीवर्ग तथा सारा विश्व–जेसुकै पनि छ, सबै आत्मा हो। यो ऋगादि वेद, इतिहास, पुराण, उपनिषद्, श्लोक, सूत्र, मन्त्रविवरण र सम्पूर्ण विद्या यस परमात्माको नै निश्श्वास हो।**

**यो परमात्म–तत्त्व अनन्त, अपार र विज्ञानघन हुन्छ ।**

**यस्तो उपदेश दिएर महर्षिले संन्यासको उपक्रम गरे तथा उनैको उपदेशको आधारमा हिंडेर मैत्रेयीले पनि परम कल्याण प्राप्त गरिन् ।**

**– (बृहदारण्यकोपनिषद्)**

# संसद्मा प्रतिपक्ष हराएको सूचना

नेपाली काङ्ग्रेससहितको पाँच दलीय गठबन्धन तोड्दै पुष्पकमल दाहाल प्रचण्डले केपीशर्मा ओलीसँग सत्ताको गणित जोडेर प्रधानमन्त्री बनेपछि यो घटनालाई 'राजनीतिक कू' भनेका नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा प्रचण्डलाई किन विश्वासको मत हाल्न पुगे ? उनले प्रचण्डलाई विश्वासको मत मात्र हालेनन्, सरकारलाई समर्थन गर्न आफ्ना सांसदलाई ह्वीप नै लगाए । काङ्ग्रेस प्रतिपक्षमा रहनुपर्दछ भन्ने काङ्ग्रेसभित्रको झिनो आवाजको गर्धन आठचाए । प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत नदिनेमा राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र नेपाल मजदूर किसान पार्टीका प्रेम सुवाल मात्र उभिए। तत्काल संसद्मा उपस्थित २७० सांसदमध्ये २६८ जनाले समर्थन गरेपछि अब संसदमा विपक्षी दलको नेता को त ? कानूनीमात्र होइन, नैतिक र राजनीतिकरूपमा यो प्रश्न पेचिलो बन्दै गएको छ ।

प्रतिनिधिसभाका ९९ प्रतिशत सांसदको समर्थन पाएसँगै प्रचण्ड सर्वस्वीकार्य प्रधानमन्त्री बनेको तर्क उनका पक्षधरहरूले गर्न थालेका छन् । त्यसो भए संसद् प्रभावकारी विपक्षीविहीन भएको हो त ? यसले संसदीय अभ्यासमा कस्तो असर पार्छ ? संसद्मा तेस्रो राजनीतिक शक्तिको हैसियतमा भएपनि प्रचण्ड २०७४ मा दुई तिहाईको बहुमत पाएका केपीशर्मा ओलीभन्दा शक्तिशाली प्रधानमन्त्री बन्न पुगेका छन्। उनलाई सबैभन्दा ठूलो दल काङ्ग्रेस, एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपा सबैका साझा प्रधानमन्त्री मान्नुपर्ने मत स्वाभाविकरूपमा बाक्लिएको छ। त्यसो भए संसद्मा प्रतिपक्षी को त ?

काङ्ग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिए पनि आफ्नो भूमिका प्रतिपक्षमैं रहने भनेको छ । तर प्रधानमन्त्रीलाई समर्थन गरेको दल प्रतिपक्षी हो कि होइन भन्नेमा कानूनी र नैतिक दुवै प्रश्न उठ्नु अस्वाभाविक होइन। प्रचण्डको दल नेकपा माओवादी केन्द्रका कतिपय नेताले त प्रचण्डलाई विश्वासको मत दिएकाले काङ्ग्रेस पनि संसद्मा सत्तापक्षकै बेन्चमा बस्नुपर्ने तर्क गरिराखेका छन् । योसँगै काङ्ग्रेसले संसद्मा प्रतिपक्षी दलको नेता र संवैधानिक परिषद्मा यो हैसियत पाउँछ कि पाउँदैन भन्नेमा आशङ्का र प्रश्न उब्जिन थालेको छ। नेपाली काङ्ग्रेसका नेताहरू भने आफू नै प्रमुख प्रतिपक्ष रहेको दाबी कस्दै आइराखेका छन्। प्रचण्डलाई विश्वासको मत दिएको काङ्ग्रेसले संसद्मा जनहितमा काम गर्ने विश्वास चाहिं स्पष्टरूपमा गुमाइसकेको छ ।

संविधानले विपक्षी दलको नेता हुन आवश्यक मापदण्डबारे केही बोलेको छैन। सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐनमा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने

### समयान्तर



**ओमप्रकाश खनाल**
omkhanal@gmail.com

**राजनीतिक अन्योल, अस्थिरता, आर्थिक सङ्कट, अविकास, हिंसा यसका उपक्रमहरू हुन् । विगतमा संसदीय व्यवस्थामा यस्तै खालका अनैतिक गठजोड र हर्कतको हालीमुहालीलाई कारण देखाएर व्यवस्था नै उल्टयाउने काम भएका राजनीतिक घटनाक्रमहरू पुराना भइसकेका छैनन् । अब नेताको स्वार्थ र हठका लागि देशलाई अस्थिरता र अन्योलको प्रयोगशाला बनाइराख्ने प्रवृत्तिको पुनरावृत्ति हुनुहुँदैन ।**

दलबाहेकका दलमध्ये सबैभन्दा ठूलो दललाई विपक्षी दल भनिएको छ। त्यसो भए अब विपक्षी दलको नेतामा शेरबहादुर देउवाको हैसियत गुमेको हो त ? काङ्ग्रेसले प्रचण्डलाई विश्वासको मत मात्रै दिएकाले विपक्षी दल काङ्ग्रेस नै हुने तर्क काङ्ग्रेसका नेताहरू गर्दछन्। तर यो कानूनी व्यवस्था अनुसार विश्वासको मत दिइसकेपछि काङ्ग्रेस विपक्षी दल रहने आधार समाप्त भइसकेको स्पष्ट हुन्छ । काङ्ग्रेसले कानूनी, नैतिक र राजनीतिक सबै दृष्टिले विपक्षी दलको हैसियत गुमाएको मान्न सकिन्छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा सत्तापक्षलाई मुलुक र जनताप्रति उत्तरदायी रहन बाध्य पार्ने सवालमा प्रतिपक्षको भूमिका महत्त्वपूर्ण हुन्छ । तर प्रमुख विपक्षीको भूमिका निभाउने अपेक्षा गरिएको र संसदीय मूल्य–मान्यतामा अन्यभन्दा आस गरिएको दल नै सत्तालाई समर्थन गर्ने सबैभन्दा ठूलो दल बनेपछि देश र जनहितमा अनिष्टको सङ्केत देखिएको छ । २०७४ सालको चुनावपछि केपीशर्मा ओली दुई तिहाइ बहुमतको प्रधानमन्त्री बन्दा प्रतिपक्षको भूमिकामा रहेको काङ्ग्रेसको विपक्षी भूमिका त्यतिखेर जति कमजोर थियो, काङ्ग्रेस अहिले त्यो हदबाट पनि तल झरेर सत्ताको लाचार छायाजस्तो बन्न पुगेको छ । बिहानसम्म प्रचण्ड सरकारलाई विश्वासको मतबाट कसरी रोक्न सकिन्छ भन्ने रणनीतिमा लागेको काङ्ग्रेस दिउँसो अचानक कसरी विश्वासको पक्षमा ह्वीप जारी गर्ने अवस्थामा पुग्यो ?

धेरैले यसलाई ओलीको राजनीतिक चलाखीमा लगाम लगाउने रणनीतिको रूपमा बुझे पनि यो संसदीय मूल्य र मान्यताविपरीत काम हो भन्नेमा आशङ्का आवश्यक छैन। त्यसो भए के काङ्ग्रेसले विश्वासको मत नदिएको भए प्रचण्ड सरकार ढल्ने थियो त ? प्रचण्डलाई अवश्य अप्ठेरो पर्ने थिएन। प्रचण्डलाई आवश्यक पर्ने बहुमत उनीसँग सुरक्षित थियो । जसरी पनि प्रचण्डलाई विश्वासको मत लिनबाट रोक्न नसक्ने देखेपछि विश्वासको मत दिएरै भएपनि भागबन्डाको लाभ लिने नियत हो भने त्यो काङ्ग्रेसका लागि आत्मघाती मात्र नभएर संसदीय व्यवस्थामैं असफलताको प्रस्थानबिन्दु हो ।

सबैभन्दा ठूलो दल भएर पनि सङ्घदेखि प्रदेशसम्मको सत्ताबाट हात धुनु परेको पीडामा छट्पटिएका देउवाले सत्तामा सीमित भागबन्डाका लागि संसदीय व्यवस्थामा असीमित सन्देह जन्माउने काम गरेको मान्न सकिन्छ । यसै पनि सत्ताका लागि जस्तोसुकै सम्झौता गर्न पछि नपर्ने देउवाको रवैया लोकतान्त्रिक व्यवस्थाका लागि सकारात्मक छैन। सत्ताका लागि अनेक असङ्गति भित्र्याउनेदेखि लोकतान्त्रिक व्यवस्थालाई दरबारमा बुझाउनेसम्मको दागको भारी देउवामाथि छ । यस्तो राजनीतिक छविको परिदृश्यमा देउवाले सत्ता र शक्तिकै लागि राजनीति र व्यवस्थालाई हानि हुने जस्तोसुकै अनैतिक कदम चाल्न पछि पर्दैनन् भन्न सकिन्छ। उनले प्रदर्शन गर्दै आएका राजनीतिक हठ र निर्णयहरूले यसलाई प्रमाणित गरिराखेको छ । यतिसम्म कि केपी ओलीलाई प्रतिगामी भनेर आन्दोलनको अगुवाइ गर्ने काङ्ग्रेस अहिले ओलीको समर्थनमा बनेको सरकारलाई विश्वासको मत दिने दयनीय अवस्थामा पुगेको दृश्य नेपालको राजनीतिमा मात्र देख्न सम्भव हुन्छ । यो राजनीतिको न्यूनतम मूल्य मान्यताविपरीत छ ।

आफूलाई लोकतन्त्र र संसदीय व्यवस्थाको एकमात्र रक्षक ठान्ने काङ्ग्रेसको कदम संसदीय व्यवस्थाको मूल्य, मान्यता र सिद्धान्तविपरीत छ । यो प्रकारान्तरले संसदीय व्यवस्थालाई असफल बनाउने उपक्रमको निरन्तरता हो । संसदीय व्यवस्थालाई बाध्यतावश स्वीकार गरिराखेका वाम विचारका लागि काङ्ग्रेसको यो निर्णय एक प्रकारको राजनीतिक जीत हो। संसदीय व्यवस्थामा यस्तै अनपेक्षित निर्णयकै कारण व्यवस्था असफल हुने हो । सरकारका गतल कामकारबाहीको विरोधमा आवाज अब कसले उठाउने ? सरकारलाई विश्वासको मत दिएको दलले त्यो नैतिक हैसियत राख्छ ? सरकारका गलत कार्यमा प्रश्न नउठेपछि के हुन्छ ? सरकार स्वेच्छाचारी हुन्छ र त्यसले जनताका सरोकारलाई सम्बोधन गर्न सक्दैन ।

संसदीय अभ्यासमा जब विपक्षीको भूमिका सशक्त हुँदैन । पद र पैसाका लागि जब विपक्षीले सत्तासँग सम्झौता गर्न पुग्छ, त्यस्तो व्यवस्थाले जनताको पक्षमा काम गर्न छोड्छ । राजनीतिक व्यवस्थाले जनताको अपेक्षा सम्बोधन गर्न नसकेपछि के हुन्छ ? २००७ सालदेखि अहिलेसम्म प्रायः दशकको समयान्तरमा भइरहेका राजनीति उथलपुथललाई स्मरण मात्र गरे पुग्छ । राजनीतिक अन्योल, अस्थिरता, आर्थिक सङ्कट, अविकास, हिंसा यसका उपक्रमहरू हुन्। विगतमा संसदीय व्यवस्थामा यस्तै खालका अनैतिक गठजोड र हर्कतको हालीमुहालीलाई कारण देखाएर व्यवस्था नै उल्टयाउने काम भएका राजनीतिक घटनाक्रमहरू पुराना भइसकेका छैनन् । अब नेताको स्वार्थ र हठका लागि देशलाई अस्थिरता र अन्योलको प्रयोगशाला बनाइराख्ने प्रवृत्तिको पुनरावृत्ति हुनुहुँदैन। काङ्ग्रेसले आत्मालोचनासहित आफ्नो कोर्स करेक्सन गरोस्, अहिलेलाई यत्ति भन्न सकिन्छ ।

# माघे सङ्क्रान्तिको महत्त्व

अत्तरिया, ३० पुस/रासस

नेपालीले मनाउने पर्वहरूमध्येको एक पर्व हो माघे सङ्क्रान्ति। यसलाई विभिन्न नाम दिने गरिन्छ, जस्तै मकर सङ्क्रान्ति, माघी, माघे सङ्क्रान्ति आदि । यो पर्व माघ महीनाको पहिलो दिन अर्थात् १ गते मनाइन्छ ।

उक्त दिन नेपालमा सार्वजनिक बिदा दिने गरिन्छ । माघे सङ्क्रान्तिका दिन नेपालमा विभिन्न नदीनाला, सागर तथा त्रिवेणीमा गएर स्नान गर्नुका साथै पूजाआजा गर्ने प्रचलन रहेको छ । सोही दिनदेखि सूर्य दक्षिणी गोलार्धबाट उत्तरी गोलार्धमा प्रवेश गर्ने हुँदा दिन लम्बिंदै जाने र रात छोट्टिंदै जाने विश्वास गरिन्छ। विविध जाति र समुदायको बाहुल्य रहेको नेपालमा यो पर्व सबैले मनाउने गरेको पाइन्छ ।

माघीलाई थारूको मौलिक संस्कृतिले भरिएको सबैभन्दा ठूलो पर्वको रूपमा पनि लिइन्छ।

आजभोलि माघे सङ्क्रान्ति देशविदेश जतासुकै मनाउने प्रचलन बढ्दै गएको छ। तिलका लड्डु, चाकु, तरुल र सेलरोटी जस्ता विभिन्न परिकारको साथमा माघे सङ्क्रान्तिको रमझम गर्ने गरेको पाइन्छ । जाडोयाममा पर्ने यो चाडमा शरीरलाई न्यानो राख्न सहयोग पुऱ्याउने खाद्य सामग्रीको प्रयोग गरिनु स्वास्थ्यको हिसाबले पनि लाभदायक देखिन्छ। शिशिर ऋतुमा पर्ने यो सङ्क्रान्तिमा शरीर शुद्ध गरी घ्यू, चाकु र तिल तथा खिंचडी खानाले शरीरमा गर्मीको मात्रा बढेर



तस्वीर: प्रतीक

तागत दिने तथा मास हाली पकाइएको तेल शरीरमा घस्दा चीसोबाट मुक्त भई शरीरका छालासम्बन्धी र अन्य रोग नाश हुने विश्वास गरिन्छ ।

**थारूको माघी**

माघीलाई थारूको मौलिक संस्कृतिले भरिएको सबैभन्दा ठूलो पर्वको रूपमा लिइन्छ । यो पर्व माघी पर्वका रूपमा बडो उत्साहका साथ मनाइन्छ । यस समुदायमा मासको दाल र चामल मिसाइएको खिंचडी खाने चलन छ । माघे सङ्क्रान्तिको अघिल्लो दिन अर्थात् पुसको अन्तिम दिन घर–घरमा सुङ्गुर काट्ने चलन छ, जसलाई जिता मरना दिनु भनिन्छ। पुस मसान्तमा घरघरमा सुङ्गुरको मासु, ढिकरी, माछालगायतका परिकार बनाएर जाँडका साथ खानपिन गरेर रातभर नाचगानका साथ रमाइलो गर्ने प्रचलन छ ।

यतिबेला 'सखियै हो, माघीक पिली गुरी जाँर' भन्ने गीत सबैको मुखमा झुन्डिएको हुन्छ। माघीमा गाइने गीतलाई धमार भनिन्छ। माघीमा नाचिने विशेष मघौटा नाच अघिपछि पनि लोकप्रिय छ। माघे सङ्क्रान्तिको दिन बिहान सबै नजीकैको खोलानालामा नुहाउन जाने चलन छ । यसलाई माघ लहानु भन्ने गरिन्छ। नुहाइसकेपछि घरमा आई दाल, चामल, नून छोएर आफूभन्दा ठूलालाई ढोग गरी आशीर्वाद लिइन्छ । माघको दोस्रो दिन खिंचडी बनाइ खाने चलन रहेको छ । यो दिनलाई खिचरहवा भनिन्छ।

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिका र जापान चीन विरुद्धको गठबन्धन बलियो बनाउँदै

वाशिङ्टन, ३० पुस/एएनआई

इन्डो–प्यासिफिक क्षेत्रमा चीनको बढ्दो प्रभावलाई दृष्टिगत गर्दै जापानी


प्रधानमन्त्री किशिदा र राष्ट्रपति बाइडेन। तस्वीरः एएफपी

प्रधानमन्त्री फुमियो किशिदाले शुक्रवार ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति बाइडेनसँग भेट गरेका छन्।

सो अवसरमा दुई देशबीचको गठबन्धनलाई थप बलियो बनाउने विषयमा सहमति भएको बताइएको छ। दुवै पक्षले सुरक्षा रणनीतिबारे छलफल गरेको जापानको एनएचके वर्ल्डले उल्लेख गरेको छ।

ह्वाइट हाउसमा भएको भेटमा प्रधानमन्त्री किशिदा र राष्ट्रपति बाइडेनबीच दुई घण्टा लामो कुराकानी भएको थियो। सो वार्तामा किशिदाले जापानले आफ्नो सुरक्षा रणनीतिमा उल्लेखनीय परिवर्तन गरेको बताएका थिए। सो परिवर्तित नीतिमा उल्लेख्यरूपमा रक्षा बजेटमा वृद्धि र काउन्टर स्ट्राइकको योजनालगायतका विविध विषय समावेश छन्।

क्षेत्रीय शान्ति र सुरक्षा कायम गर्न जापानी प्रधानमन्त्रीले जापानको सुरक्षा रणनीतिमा जोड दिएकाले सुरक्षा वातावरण पहिलेभन्दा धेरै गम्भीर र जटिल भएको उल्लेख गरेको एनएचके वर्ल्ड उल्लेख गरेको छ।

राष्ट्रपति बाइडेन र जापानी प्रधानमन्त्रीले ताइवान स्ट्रेटमा द्वन्द्वबाट बच्न आफ्नो प्रतिबद्धता दोहोऱ्याएको बैठकपछि ह्वाइट हाउसले शुक्रवार जारी गरेको संयुक्त विज्ञप्तिमा जनाइएको छ।

"हामी ताइवानमा हाम्रा आधारभूत अडान अपरिवर्तित रहने कुरामा जोड दिन्छौं साथै अन्तर्राष्ट्रिय समुदायमा सुरक्षा र समृद्धिको अपरिहार्य तत्त्वको रूपमा ताइवान स्ट्रेटमा शान्ति र स्थिरता कायम राख्ने महत्त्वलाई दोहोऱ्याउँछौं," ह्वाइट हाउसले भनेको छ।

अगस्तको शुरूमा अमेरिकी पूर्वसभामुख न्यान्सी पेलोसीले चीनलाई आक्रोशित पार्दै ताइवानको भ्रमण गरेपछि ताइवान वरपरको स्थितिमा सुरक्षा संवेदनशीलता बढेको थियो। यसैगरी, पछिल्ला महीनामा फ्रान्स, जापान र अन्य पश्चिमी देशले पनि यस टापुमा आफ्ना प्रतिनिधिमण्डल पठाएर सुरक्षा संवेदनशीलतालाई थप पेचिलो बनाएका थिए।

ह्वाइट हाउसको विज्ञप्ति अनुसार राष्ट्रपति बाइडेनले जापानको नयाँ राष्ट्रिय सुरक्षा रणनीति, राष्ट्रिय रक्षा रणनीति र रक्षा निर्माण कार्यक्रमको पनि प्रशंसा गरेका छन्।

यसैबीच, कोभिड–१९ महामारी लगायतका विषयमा पर्याप्त र पारदर्शी डेटा उपलब्ध गराएर विश्वभरका जनस्वास्थ्य अधिकारीलाई मदत गर्न पनि अमेरिका र जापानका नेताद्वयले चीनलाई विशेष आग्रह गरेका छन्।

विज्ञप्तिमा भनिएको छ, "हामी चीनलाई कोभिड–१९ को फैलावटसम्बन्धी पर्याप्त पारदर्शी एपिडेमियोलोजिकल र भाइरल जिनोमिक अनुक्रम डेटा सार्वजनिक गर्न पनि आह्वान गर्दछौं। जसले विश्वभरका जनस्वास्थ्य अधिकारीलाई महामारीको फैलावट कम गर्न र कुनै पनि सम्भावित नयाँ भेरियन्ट पहिचान गर्न सहयोग पुऱ्याउनेछ।" रासस

## रूस–युक्रेनबीच वार्ताको वातावरण बनाउन चीनको जोड

संयुक्त राष्ट्रसङ्घ, ३० पुस/सिन्ह्वा

रूस–युक्रेन युद्ध चाँडोभन्दा चाँडो अन्त्य होस् भन्ने चिनियाँ चाहना व्यक्त गर्दै संयुक्त राष्ट्रसङ्घका लागि चीनका राजदूत झाङ जुनले त्यस निम्ति वार्ताको वातावरण बनाउनुपर्नेमा जोड दिएका छन्। रूस–युक्रेन वार्ताको वातावरण बनाउन पहल अन्तर्राष्ट्रिय समुदायबाट हुनुपर्ने पनि उनले बताए।

राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा चिनियाँ राजदूतले आपसी मतभेद मिलाउन सरोकारवाला पक्ष वार्तामा बस्नुपर्नेमा जोड दिए। उनले जारी द्वन्द्व अन्त्य गर्न तथा युरोपेली सुरक्षा संरचना सुदृढ तुल्याउन वार्ताको प्रयत्न हुन जरुरी भएको विचार व्यक्त गरे। विशेषगरी वर्तमान परिस्थितिमा ठूलो प्रभाव पार्ने देश तथा अन्तर्राष्ट्रिय समुदायले रूस र युक्रेनलाई वार्तामा संलग्न हुन र सङ्कटको राजनीतिक समाधानको मार्ग पहिल्याउन मदत गर्नुपर्ने चिनियाँ स्थायी प्रतिनिधिले बताए।

नाकाबन्दीको अवधि बढाउने तथा हातहतियारको आपूर्तिलाई निरन्तरता दिंदा परिस्थिति अझ जटिल हुने चेतावनी दिँदै चिनियाँ कूटनीतिज्ञले द्वन्द्व घटाउनेतर्फ लाग्नु अपरिहार्य भएको बताए। साथै उनले युद्धबाट प्रभावितलाई मानवीय सहायता उपलब्ध गराउनुपर्ने र युक्रेनका क्षतिग्रस्त ऊर्जा पूर्वाधार यथाशीघ्र मर्मत गराउन आवश्यक सहयोग गर्नुपर्नेमा जोड दिए। शान्ति स्थापनाका सबै काममा चीनको सक्रिय सहभागिता एवं सहयोग रहने पनि उनले स्पष्ट गरे।

जापोरिझहिया आणविक ऊर्जा केन्द्रको सुरक्षामा असर पार्ने सबै सैन्य कारबाही तत्काल बन्द गर्न आग्रह गर्दै चीनले अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आइएइए)लाई केन्द्रका सम्बन्धमा रूस र युक्रेनसँग सञ्चार कायम राख्न सहयोग गर्ने जानकारी राजदूत झाङले दिए। रासस

## जासुसीको आरोप लागेका पूर्वमन्त्री अकबरीलाई मृत्युदण्ड

दुबई (संयुक्त अरब इमिरेट्स), ३० पुस/एपी

इरानले आफ्नो देशको रक्षा मन्त्रालयका निम्ति कुनै समय काम गरेका एकजना पूर्वमन्त्रीलाई बेलायतका लागि जासुसी गरेको अभियोगमा मृत्युदण्ड दिइएको बताएको छ। राष्ट्रिय एवं अन्तर्राष्ट्रियरूपमा मृत्युदण्डको विरोध भएपनि इरानले उनलाई मृत्युदण्ड दिएको हो।

इरान र बेलायतको दोहोरो नागरिकता लिएका भूतपूर्व रक्षा उपमन्त्री अलीरेजा अकबरीलाई बेलायतको गुप्तचर संस्था एमआई–६ का निम्ति जासुसी गरेकाले हालै फाँसी दिएको शनिवार घोषणा गरेको हो।

गत बुधवार अकबरीको परिवारलाई उनलाई भेट्न कारागारमा जान भनिएको तथा उनकी पत्नीले एकान्त कारागारमा आफ्ना पतिलाई सारिएको बताएकी थिइन्। अकबरीलाई तीन वर्षअघि पक्राउ गरिएको थियो। जासुसीको आरोपमा उनलाई दोषी ठहर गरिएको थियो तर सबै आरोपको उनले अस्वीकार गरेका थिए।

बेलायतले इरानलाई मृत्युदण्ड रोक्न तथा उनलाई तत्काल रिहा गर्न आग्रह गरेको थियो। बेलायतका विदेशमन्त्री जेम्स क्लिभरलीले मृत्युदण्डको सजाय मानवजीवनलाई पूर्णरूपमा बेवास्ता गर्ने बर्बर शासनद्वारा राजनीतिकरूपमा प्रेरित काम भएको टिप्पणी गरेका थिए।

अमेरिकाले पनि इरानको उक्त कदमको आलोचना गरेको छ। अकबरीमाथि लगाइएको आरोप र मृत्युदण्डको सजायलाई राजनीतिकरूपमा प्रेरित भन्दै हिरासतमा यातना दिएर आरोप स्वीकार गर्न बाध्य पारिएको खबरले चिन्तित तुल्याएको बताएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडाश्रम |
| मिथुन – ज्ञानोदय | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – प्रगति | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### वीरगंज महानगरपालिकाको अपील

- शरीरका सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो कपडा लगाऔं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घरोगीहरूलाई चीसोबाट बचाऔं।
- आमाको दूध खाने बच्चाहरूलाई नियमितरूपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरू प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मद्यपान नगरौं।
- स्वास्थ्यसम्बन्धी कनै समस्या जस्तै ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार घ्यार भएमा, श्वास फेर्न कठिनाइ भएमा तुरून्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल–ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरूलाई एक्लै नछाडौं।

वीरगंज महानगरपालिका


## प्रभावकारी न्याय सम्पादनका लागि व्यापक सुधार आवश्यक

जनकपुरधाम, ३० पुस/रासस

महान्यायाधिवक्ता डा दीनबन्धु पोखरेलले प्रभावकारी न्याय सम्पादनका लागि अपराध अनुसन्धान पद्धति र अभियोजन अभ्यासमा नै व्यापक सुधारको आवश्यकता औंल्याएका छन्।

मधेस प्रदेशको राजधानी जनकपुरधाम, धनुषामा आज आयोजित अन्तर्क्रियामा महान्यायाधिवक्ता डा पोखरेलले गम्भीरतापूर्वक अपराध अनुसन्धान पद्धति र अभियोजन अभ्यासमा तत्काल सुधार नगरे थप समस्या आउने बताए। न्यायसम्पादनमा ढिलासुस्ती, राज्यमाथि थपिने व्ययभार र निर्दोष व्यक्तिको सुरक्षाका लागि पनि अहिलेको अभ्यासमा सुधार अपरिहार्य रहेकोले आफूले प्राथमिकताका साथ त्यसमा बहस शुरू गरिसकेको जानकारी दिए।

"मैले महान्यायाधिवक्तामा नियुक्त भएपछि कामु प्रधानन्यायाधीशसँग पनि यस विषयमा कुरा गरिसकेको छु, उहाँ पनि सकारात्मक हुनुहुन्छ," डा पोखरेलले भने, "सबैभन्दा पहिले सरकारी महान्यायाधिवक्ता कार्यालय मातहतका निकायबाटै यस विषयमा गम्भीर समीक्षासहित सुधारको पहल हुन्छ र न्याय सम्पादनसँग जोडिएका सबै पक्षले पनि सहयोग गर्न जरुरी छ।"

त्यसैगरी, महान्यायाधिवक्ता डा पोखरेलले दक्ष, व्यावसायिक र प्रतिस्पर्धी कानून व्यवसायीको अभावमा सक्षम न्यायपालिकाको परिकल्पना गर्न नसकिने भएकोले यसमा पनि सबैले ध्यान दिनुपर्ने बताए। उनले कानून व्यवसायी सक्षम


महान्यायाधिवक्ता डा दीनबन्धु पोखरेल।

नहुँदा पेशागत मर्यादाका लागि नभई जीविकोपार्जन गर्न मोलमोलाइ र बिचौलिया प्रवृत्ति बढ्ने भएकाले पेशागत दक्षता अभिवृद्धिका लागि बार र नेपाल कानून व्यवसायी परिषद्ले विशेष जोड दिनुपर्ने बताए।

त्यसैगरी, नेपाल बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले न्याय क्षेत्रको समष्टिगत सुधारका लागि न्यायसम्पादनसँग जोडिएका सबै पक्षमा सुधार गर्नुपर्ने धारणा राखे। उनले न्याय सम्पादनसँग जोडिएका प्रहरी प्रशासन, सरकारी वकील, अदालत, कानून व्यवसायी र बार गरी पाँचवटै क्षेत्र एकाकार भएर लागे हाल देखिएका समस्या समाधान गर्न सकिने बताए। "हाम्रो क्षेत्रमा प्रणालीगत समस्या छैन, मुख्य समस्या सुशासन नै हो," घिमिरेले भने, "सक्षम न्यायालय र न्याय प्रणालीलाई केही व्यक्तिले बदनाम गर्न खोजे। कामु प्रधानन्यायाधीश कार्की नेतृत्वको समितिले तत्कालीन समयमा औंल्याएका समस्या समाधानमा लाग्नुपर्छ।"

घिमिरेले कानून व्यवसायी परिषद्को संशोधित ऐनले परिकल्पना गरेको कानून शिक्षाको सुधार र लयर्स एकेडेमीको कार्यान्वयनले दक्ष कानून व्यवसायी उत्पादनमा सघाउ पुऱ्याउने भएकाले यसलाई पारित गर्न सबैको सहयोग आवश्यक रहेको पनि बताए।

नेपाल कानून व्यवसायी परिषद्को २९औं स्थापना दिवस एवं परिषद्को वार्षिक गतिविधि, प्रस्तावित संशोधित ऐन, आचारसंहिता तथा ड्रेसकोडसम्बन्धी एक दिवसीय अन्तर्क्रियामा कानूनविद् डा चन्द्रकान्त ज्ञवाली, उच्च अदालत जनकपुरका कामु मुख्य न्यायाधीश गुणराज ढुङ्गेल, जिल्ला अदालत धनुषाका न्यायाधीश ब्रजेश प्याकुरेललगायतले उल्लिखित विषयमा आआफ्नो धारणा प्रस्तुत गरेका थिए।

## मधेस प्रदेशसभाको सभामुखमा एमालेका रामचन्द्र र काङ्ग्रेसबाट जङ्गीलाल उम्मेदवारी दर्ता

महेन्द्रनगर, ३० पुस/रासस

मधेस प्रदेशसभाको सभामुखमा नेकपा (एमाले)का रामचन्द्र मण्डल र नेपाली काङग्रेसका जङ्गीलाल राय गरी दुई जनाको उम्मेदवारी परेको छ। नेकपा (माओवादी केन्द्र) को प्रस्तावमा उम्मेदवारी दर्ता गरेका मण्डललाई जसपा, लोसपा, जनमतसहित सत्तारूढ दलहरूको समर्थन छ भने आफ्नै पार्टीको प्रस्ताव र समर्थनमा रायले उम्मेदवारी दिएका छन्।

मण्डलको प्रस्तावकमा माओवादी केन्द्रका भरतप्रसाद साह र समर्थनमा लोसपाकी रानी शर्मा तिवारी, जसपाका राम अशिष यादव, जनमतका महेश यादव रहेका छन्।

रायको प्रस्तावक काङ्ग्रेसकै कुमरकान्त झा र समर्थक जिवछी यादव रहेका छन्।

सभामुखमा सत्तारूढ गठबन्धनका




उम्मेदवार मण्डलले आफूसँग पाँच दल एमाले, जसपा, लोसपा, जनमत र माओवादी गरी कुल ७० सांसदको समर्थन रहेको बताए।

सभामुखमा उम्मेदवारी दिएको काङ्ग्रेसले भने राजनीतिमा सधैं जितका लागि मात्र उम्मेदवारी नहुने भन्दै हारमा पनि राजनीति र शक्ति हुने बताए। यद्यपि माघ २ गते सभामुख चुनिने कार्यतालिका रहेकाले दुई दिनमा जे पनि हुनसक्ने उनको तर्क छ।

माघ २ गते सभामुख चयनको कार्यतालिकाका साथसाथै मुख्यमन्त्रीको विश्वासको मत लिने कार्यतालिकासमेत रहेको प्रदेशसभा सचिवालयले सञ्जीव रञ्जित यादवले बताए।

## माघे सङ्क्रान्तिको महत्त्व ...

**प्रकृतिसँग**

थारूको यो समयमा खेतीपातीको काम सिद्धिएको हुन्छ। यो समयमा प्रकृतिले पनि अथवा रूखबिरुवाले पात झार्ने र नयाँ पालुवा पलाउने गर्दछन्। रूखबिरुवामा पनि फूल फुल्न थाल्छन्। ऋतुको हिसाबले हेमन्त सकिएर शिशिर ऋतु लाग्ने भएकाले यो पर्वको महत्त्व छ। त्यस कारणले थारूले माघीलाई नयाँ वर्षका रूपमा मनाउँदै आएका छन्।

**शासन व्यवस्था**

थारूले माघी पर्वलाई एउटा महान् पर्वका रूपमा लिने गर्छन्। सबै कुरा नयाँबाट शुरू गर्ने भएकाले पनि यसलाई नयाँ वर्षका रूपमा मनाइने गरिन्छ। पछिल्लो केही वर्षयतादेखि नेपालमा कमुईया, कमलहरि राख्ने प्रचलनमा बन्देज लगाइएसागै यसको अन्त्य भएको छ।

**सम्बन्ध**

थारू वर्षभरि आफूले गरेका भूल, गलती, पाप क्षमा मागी माघको १ गते भाले बस्नुभन्दा पहिले नदी वा खोलामा गएर नुहाएर पुरानो पाप, खराब आनीबानी, सोचविचारलाई नदीमा बगाएर स्वच्छ र पवित्र भई आपसमा मेलमिलाप गर्ने, एकापसमा क्षमा दिने र आशीर्वाद आदानप्रदान गर्ने, बिग्रेको सम्बन्धलाई बलियो बनाउने गर्छन्।

**लोकप्रिय परिकार ढिक्री**

चामलको पीठो मुछेर विभिन्न आकारमा बनाइने थारूको मौलिक परिकार हो, ढिक्री। जसलाई ढकिया (सानो मुख भएको माटोको भाँडो)मा पकाइन्छ। माघीका बेला ढिक्री खाइन्छ। ठाउँविशेष अनुसार ढिक्रीलाई सतौरा अनि पीठा पनि भन्ने चलन छ।

**लाइलड्डु**

नयाँ वर्ष, नयाँ जन्म जस्ता शुभ समयमा भुजियालाई गुँदमा मुछेर बनाइएको परिकारलाई थारूले लाइलड्डु भन्छन्। यसलाई मुरीको लड्डु पनि भनिन्छ। माघीलाई थारू समुदायले नयाँ वर्षका रूपमा मनाउने भएकाले माघीको दिन पनि लाइलड्डु खाइन्छ। सँगै कसार पनि खाइन्छ। भुटेको चामल पिंधेर बनाइएको लड्डुलाई कसार भनिन्छ।

**गङ्गटा**

थारू समुदायमा प्रसिद्ध 'सी फूड' गङ्गटा पनि हो। गङ्गटालाई विभिन्न तरीकाले पकाउन सकिन्छ। छिपछिपे पानी, दलदले हिलो, खोलाको मुहान नजीक गङ्गटा पाइन्छन्। गङ्गटाको खुट्टा केलाइन्छ। त्यसपछि राम्रोसँग पखालेर तेलमा 'फ्राई' गरी पकाइन्छ। यसलाई फ्राई वा सुप दुवै तरीकाले पकाएर खाने चलन रहेको छ। लसुन र प्याजको मात्रा धेरै हाली पकाउँदा गङ्गटा निकै स्वादिलो हुन्छ। गङ्गटा सेतो रगत भएको जीव भएकाले हाम्रो रगतलाई राम्रो बनाउँछ भन्ने मान्यता छ।

**झिंगे माछा**

पानीमा झिंगाजस्तै उफ्रेर हिंड्ने माछा झिंगे माछा हो। झिंगे माछा सबै समुदायले खान्छन्। थारूको पनि यो प्रिय परिकार रहेको हो। तलाउ, पोखरीमा पाइने यो माछालाई जालले छोपेर मारिन्छ। काँचो हुँदा कालोकालो रङको हुन्छ। तेलमा तारेपछि यो रातो हुन्छ। निकै मीठो र स्वादिष्ट पनि हुन्छ। झिंगे माछालाई प्रोटिन र क्याल्सियमको स्रोतका रूपमा लिइन्छ। जाडोमा खाँदा शरीरलाई न्यानो पार्छ भन्ने मान्यता थारू समुदायमा छ।

**सानो बाम**

सानो आकारको बाम माछालाई पनि थारूको प्रिय परिकार मानिन्छ। थारूले सानो बाम माछालाई तारेर सर्स्यूं र लसुनमा पकाउने चलन रहेको छ। माछाजस्तै यसलाई विभिन्न तरीकाले पकाउन सकिन्छ। उच्च प्रोटिनयुक्त र स्वादिलो हुने भएकोले थारू समुदायमा यो धेरै मन पराइन्छ।

**ऐंठा**

घोङ्गीभन्दा ठूलो आकारको हुन्छ, ऐंठा। घोङ्गी चुच्चो आकारको हुन्छ भने ऐंठा अलि चेप्टो गोलो आकारको हुन्छ। घोङ्गीलाई पोथी र ऐंठालाई भाले भनिन्छ। ऐंठालाई उसिनेर मासु निकालिन्छ। उसिनेपछि भित्रको मासुको भाग आफैं बाहिर निस्कन्छ। त्यसरी निस्केको मासुलाई सेकुवा वा तास बनाएर खाने चलन रहेको छ। ऐंठा पनि घोङ्गी जस्तै सामुद्रिक जीव भएकोले प्रोटिन र क्याल्सियमयुक्त मानिन्छ।

# अझै खुलेनन् सर्लाहीका छोटी भन्सार कार्यालय

सर्लाही, ३० पुस/रासस

द्वन्द्वको कारण देखाउँदै बन्द गरिएका सर्लाहीका छोटी भन्सार कार्यालय अझै सञ्चालनमा आउन सकेका छैनन् । सञ्चालनमा आउन नसक्दा सीमानाकाबाट भन्सार छली तथा चोरी तस्करी बढेको छ ।

छिमेकी देश भारतसँग ५१ किलोमिटर खुला सिमानामा जोडिएको जिल्लामा सातवटा छोटी भन्सार कार्यालय छन् । एउटा मुख्य भन्सार कार्यालय रहेको छ। सबै छोटी भन्सार कार्यालय बन्द छन्। गोरखकाली नाकामा रहेको मुख्य भन्सार कार्यालय मात्र हाल सञ्चालनमा छ ।

छोटी भन्सार कार्यालय बन्द हुँदा जिल्लाका साना व्यापारी मारमा परेका छन् । छिमेकी देश भारतसँग खुला सिमाना हुनु र नजीकै नेपाली बजार नहुँदा दैनिक उपभोग्य सामग्रीका लागि भारतीय बजारमाथि भर पर्नुपर्ने हुँदा सीमा क्षेत्रका साना व्यापारी तथा स्थानीयवासी मारमा परेको स्थानीय जानकार उमाशङ्कर साहले बताए । जिल्लाका साना व्यापारीले छोटी भन्सारको बाटो भएर सामान्य र सानो परिमाणमा सामान ल्याउनुपर्दा पनि भन्सार बुझाउन जिल्ला भन्सार कार्यालयमैं पुग्नुपर्ने बाध्यता छ ।

जिल्लाका सात छोटी भन्सार कार्यालय सञ्चालन नहुँदासमेत सरोकारवाला निकाय मौन छ। भारतसँग खुला सिमाना जोडिएका सङ्ग्रामपुर, पर्सा, त्रिभुवननगर, भाँडसर, फेन्हरा, बारा उद्योरण र बलरा छोटी भन्सार कार्यालय र मलङ्गवामा जिल्ला भन्सार

तस्वीर: फाइल




कार्यालय अहिले बन्द छन् ।

छोटी भन्सार कार्यालय बन्द हुँदा जिल्लामा तस्करी मौलाएको र राजस्व पनि कम उठ्न थालेको स्थानीय रघुनाथ यादवले बताए । व्यापारीले सामानको राजस्व नतिर्ने गरेको पाइएको छ । पछिल्लो समय त्रिभुवननगर र बलरामा रहेका छोटी भन्सार कार्यालयमा कार्यालय सहयोगी राखेर छोटी भन्सार कार्यालय सञ्चालनमा ल्याइएको छ ।

छोटी भन्सार कार्यालय बन्द हुँदा राजस्वमा ह्रास आएको जिल्ला भन्सार कार्यालयका प्रमुख दीपेन्द्रकुमार झाले बताए ।

माथिल्लो तहबाट छोटी भन्सार कार्यालय सञ्चालनका लागि कुनै निर्देशन नआएको र आफूहरूले मात्रै निर्णय गरेर कार्यालय खुलाउन सक्ने अवस्था नरहेको उनको भनाइ छ । सीमा क्षेत्रमा हुने गरेका तस्करीका सामान सुरक्षाकर्मीले नियन्त्रणमा लिएर जिल्ला भन्सार कार्यालयमैं बुझाउने गरेका कारण पनि छोटी भन्सार कार्यालयको खासै काम नरहेको कार्यालय प्रमुख झाले बताए ।

छोटी भन्सार कार्यालय बन्द हुँदा तस्करी बढेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए । उनका अनुसार यसरी भित्रिएका सामान जिल्लाका सुरक्षाकर्मीले नियन्त्रणमा लिएर भन्सार बुझाउँदा भन्सार कार्यालयले धेरै कम मूल्याङ्कन गर्ने गरेको पाइएको छ । भारतसँगको खुला सिमानामा ११ स्थानमा सशस्त्र प्रहरी बलका पोस्ट तथा २० स्थानमा नेपाल प्रहरीका पोस्ट राखिएका छन् ।

# खेलकूदको संसार

## रन फर च्यारेटी दौड प्रतियोगिता सम्पन्न

प्रस, वीरगंज, ३० पुस/

तस्वीर: प्रतीक



इन्प्रोभिङ वीरगंजको आयोजनामा शनिवार रन फर च्यारेटी दौड प्रतियोगिता सम्पन्न भएको छ ।

प्रतियोगिताको उद्घाटन वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले गरेका थिए। उनले वीरगंजका युवाहरूले कोरोना सङ्क्रमणको बेलामा गरेको कार्यको प्रशंसा गरे। कार्यक्रममा वप्रका, बिर्ताका प्रनि विशाल मल्ल, कार्यपालिका सदस्य कोनिका कौशिक, व्यवस्थित वीरगंज अभियानका अध्यक्ष दिलीपराज कार्कीलगायतको सहभागिता थियो ।

# बाघभैरव सावउको आठौं साधारणसभा सम्पन्न

प्रस, निजगढ, ३० पुस/

निजगढ नगरपालिका-४ स्थित बाघभैरव सामुदायिक वन उपभोक्ता समूहको आठौं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख सुरथ पुरीले सामुदायिक वन भन्ने बित्तिकै सबै उपभोक्ता सामूहिकरूपमा मिलेर वनको संरक्षण, संवर्धन, विकास गर्नुपर्ने कुरामा हेक्का राख्नुपर्ने बताए। उनले वनजङ्गल मानवका लागि मात्र नभई हरेक वन्यजन्तुका साझा प्राकृतिक स्रोत साधन र सम्पत्ति रहेको बताए । वन समूह जस्तो पवित्र संस्थाको जिम्मेवार पदमा रहने पदाधिकारीहरूले पारदर्शितालाई ध्यानमा राख्न उनले आग्रह गरे ।

कार्यक्रममा फेकोफन बाराका अध्यक्ष रामजी बजगाईंले संरक्षणको पाटोलाई सबै उपभोक्ताले दिलोज्यान दिएर लागेमा अन्ततः ढिलोचाँडो प्रतिफल उपभोक्ताहरूले नै पाउनेमा ढुक्क रहन




आग्रह गरे ।

कार्यक्रममा वडाध्यक्ष विशन सापकोटा, सूर्यबहादुर थापा, तामागढी सबडिभिजन वन कार्यालय निजगढका फरेस्टर भूषण रामलगायतले मन्तव्य व्यक्त गरेका थिए । वन समूहको लेखा समितिको प्रतिवेदन कोषाध्यक्ष ज्ञानबहादुर लामा र आर्थिक प्रतिवेदन लेखापाल रामकुमार सिग्देलले प्रस्तुत गरेका थिए। वन समूहका अध्यक्ष अमरलाल सिङ्तानको अध्क्षतामा सम्पन्न कार्यक्रममा नीता सुवेदीले स्वागत र रमेश तिमल्सिनाले कार्यक्रम सञ्चालन गरेका थिए ।

# माईस्थान नेपाल रेडक्रसको साधारणसभा

तस्वीर: प्रतीक




प्रस, वीरगंज, ३० पुस/

नेपाल रेडक्रस सोसाइटी, माईस्थान उपशाखाको वार्षिक साधारणसभा शनिवार गीता मन्दिरमा सम्पन्न भएको छ। नेपाल रेडक्रस सोसाइटी, माईस्थान उपशाखाका सभापति एवं जिल्ला कार्यसमिति सदस्य मदनप्रसाद गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा रेडक्रसका जन्मदाता जा हेनरी डयुनाको तस्वीरमा अबिर, फुलमाला चढाइ सभाको शुभारम्भ भएको थियो । कोषाध्यक्ष सरोज राणाले आय-व्यय प्रस्तुत गरेका थिए। सचिव गणेशप्रसाद साहले प्रगति प्रतिवेदन एवं प्रस्तावित कार्यक्रम प्रस्तुत गरेका थिए ।

कार्यक्रममा मधुसूदन उपाध्याय, सुरेन्द्र सर्राफ, सन्दीप सर्राफ, प्रदीप गुप्ता, सन्तोष जयसवाल, रितिक श्रीवास्तव, उमेश गुप्तालगायतले मन्तव्य व्यक्त गरेको नेपाल रेडक्रस सोसाइटी, पर्साका कार्यालय सहायक राजन श्रीवास्तवले बताए ।

## रेडक्रसको साधारणसभा ...

जैसवाल, जयप्रकाश साह, नेरेसो पर्साका मन्त्री साबिर ऐराज अहमद, एभरेष्ट दन्त सेवा केन्द्रका वरिष्ठ चिकित्सक डा मनोज उपाध्याय, डा शिवानी पटेल, डा भावना झा, डा शुभ अधिकारी, डा शिवानी गुप्ता, शान्ति पोलि क्लिनिकका टिएनटी विशेषज्ञ डा दिनेशकुमार साह, वीउवासङ्घका अध्यक्ष माधव राजपाल, नेरेसो उपशाखा रानीघाटका सभापति दिनानाथ रौनियार, महारथी फर्माका सञ्चालक मानव राजपाल, शान्ति पोलिक्लिनिका सञ्चालक प्रमोद सर्राफ, नेरेसो रेशम कोठीका सल्लाहकार हुकुम सिंह, सुशील सिंह भट्टराई, ललन सिंहलगयातको सहभागिता थियो ।

शिविरमा १६० जनाले कान, नाक, घाटी बिरामी र महिला बालबालिका तथा युवाहरूले सेवा लिएका थिए ।

**सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं**

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिठ्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
- आफूले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






वीरगंज र सीमावर्ती रक्सौल बजारमा माघे सङ्क्रान्तिको अवसरमा चाकु, मिठा, चिउरा, भुजा र तिलका परिकारसहित तरुल, कनलुवा आदि बिक्री गर्दै व्यवसायीहरु । तस्वीर: नितेश कर्ण